## सूचना ६

श्रम मन्त्रालयका सचिव श्री कर्णबहादुर चन्द अन्तर्राष्ट्रिय श्रम संगठनको ८५ औं महाधिवेशनमा भाग लिन स्वीट्जरल्याण्डको जेनेभा तर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभए सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री उमेश प्रसाद मैनालीलाई मिति २०५४।२।१९ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
शम्भुशरण प्रसाद कायस्थ
श्री ५ को सरकारको सचिव

---

## भूलसुधार

खण्ड ४६ अतिरिक्ताङ्क ५४ (ङ+२) नेपाल राजपत्र भाग ३ मा प्रकाशित स्वास्थ्य मन्त्रालयको सूचनाको पहिलो हरफमा "टेकु अस्पताल विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५३" हुनुपर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

स्वास्थ्य मन्त्रालय ।



मुद्रण विभाग सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०८